# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०५।०२ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

महानगरीय ट्राफिक प्रहरी नयाँ बसपार्क, गंगबुका प्रहरी जवान देबेन्द्र बलायर समेतले सवारी दुर्घटनाको पुलिस रिपोर्ट बनाईदिने प्रयोजनार्थ सेवाग्राहीसँग विभिन्न बहाना बनाई घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय ,टङ्गालबाट खटिई गएको टोलीले निज प्रहरी जवान देबेन्द्र बलायर, प्रहरी जवान अकाश खनाल, प्रहरी जवान निरज भण्डारी र प्रहरी जवान हिटलर साउदलाई सेवाग्राहीसँग रू.१,००,०००।– (अक्षरुपी एक लाख) घुसबापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको क्रममा प्रतिवादीहरू प्रहरी जवान देवेन्द्र बहादुर बलायर, प्रहरी जवान हिटलर साउद र प्रहरी जवान लोकेन्द्र थापा समेतलको प्रत्यक्ष संलग्नता एवं एक आपसमा मिलेमतो गरी दुर्घटना सिफारिस दिए बापत सेवाग्राहीसँग रू १,००,०००।—(एक लाख ) घुस /रिसवत रकम लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निजहरू देवेन्द्र बहादुर बलायर, हिटलर साउद र लोकेन्द्र थापालाई जनही बिगो रू .१,००,०००( एक लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

साथै प्रहरी जवान देवेन्द्र बलायरसँगै नियन्त्रणमा लिइएका प्रहरी जवान आकाश खनाल र निरज भण्डारीको घुस रिसवत लिने कार्यमा प्रत्यक्ष संलग्नता रहे भएको नदेखिएता पनि निजहरूले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) को कसुरको मतियार हुने कार्य गरेको देखीएतापनि घटनाको सम्पूर्ण तथ्य खुलाई अनुसन्धानको काम कारवाहीमा सहयोग गरेको हुँदा निजहरूको हकमा हाल मुद्दा नचलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ को उपदफा (१५) र भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ५५ बमोजिम सजायको मागदावीमा पूर्ण छुट दिई आयोगको साक्षीको रूपमा पेश गर्ने ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता